# बारपाक सुलिकोट गाउँपालिका विनियोजन ऐन, २०७६

## बारपाक सुलिकोट गाँउपालिकाको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन

**प्रस्तावना:**. बारपाक सुलिकोट गाँउपालिकाको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बारपाक सुलिकोट गाँउपालिकाका गाँउसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भ: (१)**यस ऐनको नाम " बारपाक सुलिकोट गाँउपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७६।७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४२३१२६०००। (बयालिस करोड एकतिस लाख छब्विस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।७६ को निमित्त बारपाक सुलिकोट .गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृतिलिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| शिर्षक | बजेट रु. हजारमा |
|---|---|
| **चालुगत** | **50000** |
| **वडागत** | **50100** |
| वडा समिति | 50100 |
| **पुर्वाधार विकास** | **66000** |
| कार्यालय भवन | 17500 |
| सामुदायिक भवन तथा संरचना | 6000 |
| सडक | 30000 |
| उर्जा | 2500 |
| सिंचाइ | 7000 |
| संचार तथा सुचना प्रविधि | 3000 |
| **आर्थिक विकास** | **26000** |
| कृषि | 5000 |
| पशु | 5000 |
| पर्यटन | 15000 |
| सहकारी | 1000 |
| **सामाजिक विकास** | **27500** |
| शिक्षा | 12000 |
| स्वास्थ्य | 6500 |
| सामाजिक समावेशीकरण | 6000 |
| युवा तथा खेलकुद | 3000 |
| **बातावरण तथा विपद व्यवस्थापन** | **6500** |
| भुसंरक्षण | 3000 |
| विपद व्यवस्थापन | 1500 |
| बन तथा वातावरण | 2000 |
| **सुशासन तथा संस्थागत विकास** | **6000** |
| न्यायिक समिति | 1000 |
| सुशासन तथा संस्थागत विकास | 5000 |
| **अन्य** | **11000** |
| युवा रोजगार | 10000 |
| मोटरसाइकल | 1000 |
| **सशत** | **172300** |
| **भैपरी पुजीगत** | **7726** |
| **जम्मा** | **423126** |